नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ८२ २०८० साल कात्तिक १० गते शुक्रबार (27 Oct. 2023 Friday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : शान्ति र आनन्द प्राप्तिका... ३ पृष्ठमा : नेपाल भारतीय पर्यटकको ... ३ पृष्ठमा हामी स्थल हमलाको तयारी ...

## शिक्षा क्षेत्र सुधारका लागि तत्काल शिक्षक दरबन्दी ल्याउने : शिक्षा मन्त्रि यादव



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

मधेस प्रदेशका शिक्षा मन्त्री महेश प्रसाद यादवले शिक्षा क्षेत्र सुधारका लागि तत्काल शिक्षक दरवन्दी ल्याउने बताएका छन् ।

विजया दशमी दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना तथा मधेसको शैक्षिक अवस्था सम्बन्धि बिहीबार राजविराजमा आयोजित अन्तरक्रिया कार्यक्रम उनले यस्तो बताएका हुन् ।

कार्यक्रममा उनले शिक्षकको अभावमा शिक्षा क्षेत्र झन धरापमा परेकोले शिक्षक परिपूर्ति गर्न एकदमै आवश्यक रहेको जोड दिए । मधेसको सबै भाग साक्षर बनाउने यसपालिको नीति तथा कार्यक्रममा राखिएकोले धरातल बेस मानेर नीति ल्याएको उनले जानकारी समेत दिए ।

प्रदेश स्तरीय नमुना बिद्यालय बनाउने बजेटमा ल्याईएको जानकारी दिदै उनले संघीय सरकारले शिक्षामा लगानी गर्न कन्जुस्याइँ गरिरहेकोले पनि शिक्षा क्षेत्र पछाडि परेको अनुभुति भएको उल्लेख गरे । आधुनिक शिक्षा श्रृजनात्मक र अन्तर्राष्ट्रिय स्तरमा उच्च शिक्षा प्रतिस्पर्धात्मक हुनुपर्ने उनको जोड थियो ।

कार्यक्रमका बिशिष्ट अतिथि निर्वाचन आयोगका पूर्वआयुक्त डा. अयोधी प्रसाद यादवले नयाँ शिक्षा नीति ल्याएर व्यवहारमा कार्यान्वयन गर्नसके मात्र शिक्षा क्षेत्रले फड्को मार्ने बताए ।

कार्यक्रममा श्री जमावि बेतहा भवानीपुर सिरहाका प्र. अ. रामविलास यादवले मधेस प्रदेशको शैक्षिक अवस्था एक विश्लेषण विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा कार्यपत्रको विषयमा टिप्पणी अमरकान्त झाले गरेका थिए ।

कार्यक्रममा राजश्री जनक विश्वविद्यालयका उपकुलपति प्राडा अमर यादव, म.वि.व क्याम्पसका प्रमुख राजिव मिश्र, पूर्व क्याम्पस प्रमुख अमरकान्त झा, पूर्व सांसद लक्ष्मी कुमारी चौधरी, म.बि.व क्याम्पसका पूर्व स्वबियु सभापति केदार यादव, जिल्ला बारका पूर्व अध्यक्ष डोमन साह लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

प्रज्ञा प्रतिष्ठानका सदस्य डा. सूर्य प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा स्वागत पत्रकार सुधा देवले दिएकी थिईन् । कार्यक्रमको आयोजना बौद्धिक सहयोगी हातले गरेको थियो ।

## ६ सय तीन वटा राँगाको बलि प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित कंकालिनी भगवती मन्दिरमा बडा दशैंको अवसरमा महानवमीका दिन ६ सय तीन वटा रांगाको बलि प्रदान गरिएको छ । गत बर्ष भन्दा ६६ वटा कम बली प्रदान भएको हो । गत बर्ष यहाँ ६ सय ६९ वटा रांगाको बली प्रदान भएको थियो ।

रांगा बलिकालागि मन्दिर बिकास समितिले अपनाएको गोलाप्रथा विधिबाट एक नम्बरमा स्थानीय मनिषष्‍ (छोटु) झाको रांगा बलि प्रदान भएको थियो ।

रांगा बलिअघि हुने संकलप पुजाको अवसरमा स्थानीयबासिन्दा एवं नागरिक समाज काठमाडौंका अगुवा गणेशकुमार मण्डलको सक्रियतामा नेपाली सेनाको हेलिकोप्टरबाट पुष्पबृष्टि अर्थात् फुल बर्साईएको थियो ।

बली प्रदानको लागि बिभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतका बिहार राज्यबाट आएका अन्य ब्यक्तिहरुको रांगालाई बलि दिने कार्य सुरु गरिएको थियो । यस्तै कंकालिनी भगवती मन्दिरमा घटस्थापनादेखि महानमवीसम्म करिब ४१ हजारको हाराहरीमा खशीबोकाको समेत बलि दिएको छ ।

दुई वर्ष अघि भने कङ्कालिनी मन्दिरमा सात सय ४४ राँगाको बलि दिइएको थियो । साथै तीन वर्ष अगाडि कोरोना माहामारीका बेला कङ्कालिनी भगवती मन्दिरमा तीन सय ८५ राँगा र हजारौंको सङ्ख्यामा खसीबोको बलि दिएको थियो ।

आफ्नो मनकामना एवं भाकल पूरा भएपछि नेपालको बिभिन्न जिल्ला र छिमेकी राष्ट्र

***बाँकी अन्तिम पृष्ठमा***

## बेपत्ता युवकको शव फेला पर्‍यो

लुम्बिनी, ९ कार्तिक (रासस) ।

दुर्गा मूर्ति बिसर्जनका क्रममा नदीमा डुबेर बेपत्ता भएका युवकको शव फेला परेको छ । रुपन्देहीको मर्चबारमा गत मङ्गलबार दुर्गा मूर्ति बिसर्जन गर्न गएका तीनमध्ये दुई जनाको ज्यान गएको थियो भने एकजना बेपत्ता भएका थिए ।

रुपन्देहीको कोटहीमाई गाउँपालिका वडा नम्बर १ र ५ को सिमानामा रहेको तिनाउ र दानव नदी सीमाको मुहानमा डुबेर कोटहीमाई-१ का २० वर्षीय युवा सन्तकुमार राजभर बेपत्ता भएका थिए । राजभरको शव बिहीबार भेटिएको हो । सो दुर्घटनामा परेर स्थानिय २४ वर्षीय अजयकुमार नाउँ र १८ वर्षीय अजय राजभरको मृत्यु भएको थियो ।

सो स्थानका स्थानीयले स्थापना गरेको दुर्गा मूर्ति बिसर्जन गर्न बडादसैंका दिन ती युवा सो नदी किनारमा पुगेका थिए ।खोजीका क्रममा बिहीबार अपरान्ह घटनास्थलबाट केही तल तैरिएको अवस्था शव फेला परेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी निरीक्षक राजेश बस्नेतले जानकारी दिनुभयो ।

## तीनै तहको सरकारबाट जनताले खुशीको अनुभुती पाएनन् : मन्त्रि यादव



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**

मधेस प्रदेशका शिक्षा मन्त्री महेश प्रसाद यादवले तीनै तहको सरकारबाट जनताले अहिलेसम्म खुशीको अनुभुती नपाएको आरोप लगाएका छन् ।

बागेश्वरी सेवा समिति राजविराजको साधारणसभाको अवसरमा प्रमुख अतिथिको आसन्नबाट बोल्दै मन्त्रि यादवले यस्तो आरोप लगाएका हुन् ।

शिक्षाको फ्याक्ट्रिको रूपले

***बाँकी अन्तिम पृष्ठमा***

**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन। त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### समय समयमा जनताले खबरदारी गर्नु आवश्यक

हिन्दुहरुको महान पर्व दशैं सकिनै लाग्दा दोश्रो महान पर्व दीपावलीको आगमन सुरु भएको छ। दीपावलीको आगमनसंगै घर, पसलको सरसफाई, रंगरोङ्गनलाई प्रमुखता दिने गरिन्छ। यस्तै नगरको चौकहरुमा बत्ति जडान र सडकहरु सरसफाई समेत गर्ने। तर अहिले पनि नगरको विभिन्न भित्रि सडकखण्डहरुमा बत्ती बल्न सकेको छैन्। नगरपालिका अहिले पनि अव्यवस्थित र विभिन्न समस्या-समस्याले ग्रसित छ। यहाँ सरसफाईको अभाव, पानी निकासका लागि नाला, सडकबत्ती व्यवस्थित नहनु मुख्य बजारमा छाडा चौपायाको विगविगी समान्य कुरा हुन्। यसप्रति नगरपालिकाको गम्भिर ध्यान पुग्न सकेको छैन्। यहाँका जिम्मेवार पक्षको अकर्मण्यताले नगरको कछुवा तालमा विकास भइरहेको छ। नियमित र आवश्यक कार्य सम्पन्न गर्न/गराउन पनि नगरपालिका सक्षम देखिँदैन।

त्यसैले सकारात्मक सोचका साथ नगरपालिकाको नेतृत्व वर्गले नगर क्षेत्रको विकास निर्माणका लागि पहल गर्नु आजको अपरिहार्य आवश्यकता हो। नगरवासीले पनि आफ्नो नगर स्वच्छ, सफा, सुन्दर, व्यवस्थित बनाई आर्थिक क्रियाकलाप बढाउनेतर्फ पाइँला चाल्नै पर्छ। त्यसका लागि राजनीतिकर्मी, व्यवसायी र कर्मचारीलाई दबाब दिन नागरिक समाज अग्रसर हुनुको विकल्प छैन्।

तसर्थ यस्ता विषयहरुमा नगरवासीले समय समयमै जनप्रतिनिधिहरुलाई झकझकाउनु आवश्यक छ। अनिमात्र उनीहरुलाई जनताले खबरदारी गरिरहेको महसुस हुन आउछ।

# शान्ति र आनन्द प्राप्तिका लागि लुम्बिनी क्षेत्र घुमौं

लुम्बिनी, ९ कात्तिक (रासस)।

नवदुर्गाको प्रसाद स्वरुप टीका र जमरा लगाएपछि घुमफिर गर्न चाहनेका लागि बुद्ध जन्मस्थल लुम्बिनी र यससँग सम्बन्धित क्षेत्र महत्वपूर्ण गन्तव्य बनेका छन्। शान्त वातावरणमा रमाउन चाहने पर्यटकका लागि यो निकै उपयुक्तस्थल हो। यहाँ बर्सेनि लाखौंको सङ्ख्यामा आन्तरिक एवं वाह्य पर्यटक, तीर्थालु, तथा अध्येताहरु सो स्थानमा आउँछन्।

बौद्ध धर्मावलम्बीका लागि लुम्बिनी महत्वपूर्ण पवित्र तीर्थस्थल हो। बुद्ध जन्मस्थल लुम्बिनीमा मुख्यतया मायादेवी मन्दिरलगायत, बेबि बुद्धको मूर्ति राखिएको स्थान, शान्तिदीप, विश्वशान्ति स्तुपलगायत दर्जन बढी गुम्बा र विहार रहेका लुम्बिनी पुगेपछि घुम्नैपर्ने क्षेत्र हुन। लुम्बिनी भगवान गौतम बुद्धको पवित्र जन्मस्थल हो। ई पू ६२३ मा लुम्बिनीस्थित बगैंचामा माता मायादेवीको कोखबाट गौतम बुद्धको जन्म भएको हो।

भगवान गौतमबुद्धले जन्म लिएको यही स्थानमा अहिले सुन्दर कलात्मक शैलीको मायादेवी मन्दिर रहेको छ। मायादेवी मन्दिरभित्र राखिएको मायादेवीको मूर्तिलाई जन्ममूर्ति पनि भन्ने गरिन्छ। चौँथो शताब्दीमा निर्मित यो मूर्तिले बुद्धको जन्म दृश्यलाई देखाएको छ। मायादेवीले गौतम बुद्धलाई जन्म दिँदा सहाराका लागि दाँहिने हातले रुखको हाँगा समातेको र देब्रेपट्टी उहाँकी बहिनी प्रजापती र देवगण भगवानको स्वागतका लागि तयारी अवस्थामा देखिएका छन्। त्यही नवजात बुद्धको मूर्ति पनि बीचमा रहेको छ। मायादेवी मन्दिरभित्र गौतमबुद्ध जन्मेपछिको पहिलो पाइला छ। यही मन्दिरको अवलोकन गर्न र गौतम बुद्धको जन्मका बारेमा जानकारीका लागि पनि हरेक वर्ष लाखौंको सङ्ख्यामा बौद्ध तीर्थालु, अध्येता र पर्यटक पवित्र लुम्बिनी भ्रमणमा आउँछन्।

त्यस्तै मन्दिर परिसरमा बाहिर उत्तरतर्फ शान्तिदीप छ, जुन २४ घण्टा नै बलिरहन्छ। शान्तिदीप पानी पर्दासमेत निभ्दैन। दीपसँगै रहेको नहरमा लुम्बिनीमा आउने पर्यटक डुङ्गा चढेर पनि रमाउने गर्छन्। लुम्बिनी गुरुयोजना अन्तर्गत लुम्बिनीलाई सौन्दर्य दिनका लागि करिब एक किलोमिटर दुरीसम्म बनाइएको नहरमा डुङ्गा चल्ने गर्दछ। यहाँ आउने पर्यटकलाई लुम्बिनी घुमेर मात्र पुग्दैन। पर्यटक बुद्धसँग सम्बन्धित लुम्बिनी वरिपरिका क्षेत्र घुम्न पनि उत्तिकै महत्वपूर्ण ठान्छन्।

जापानी प्राकेन्जो टाँगेद्वारा तयार पारिएको लुम्बिनी गुरुयोजना ३ वर्ग माइल क्षेत्र ओगटेको छ। यस क्षेत्रलाई प्रत्येक एक वर्ग माइल क्षेत्र विभाजन गरी गुरुयोजना अनुसार लुम्बिनी क्षेत्रको निर्माणकार्य भइरहेको छ। गुरु योजना अनुसार तीन क्षेत्र सेक्रेट गार्डेन, स्तुप क्षेत्र र नयाँ लुम्बिनी गाउँको रुपमा विभाजन गरी विभिन्न देशले आकर्षक स्तुप बनाएका छन्। लुम्बिनी पुग्ने हरेक पर्यटक ती स्तुपहरुमा नपुगे लुम्बिनी भ्रमण अधुरै रहन्छ। यहाँका घुम्नैपर्ने स्थानहरु यस प्रकारका छन्।

हेस्लुम्बिनी पवित्र उद्यान क्षेत्रः लुम्बिनीको दक्षिण भागमा रहेको पवित्र उद्यान क्षेत्रको मुख्य रुपमा आध्यत्मिकता, शान्ति, विश्व भातृत्व र अहिंसा झल्किने वातावरणको सिर्जना गर्नुका साथै संसारभरि नै भगवान गौतमबुद्धका सन्देश प्रतिबिम्बित गर्नु हो। पवित्र उद्यान क्षेत्रमा पुरातात्विक तथा ऐतिहासिक धरोहर रहेका छन् यिनलाई बगैंचा र सुन्दर पोखरीले थप मनमोहक बनाएको छ। यस क्षेत्रमा रहदा हरेकलाई शान्ति र आनन्द महसुस हुनेगर्छ।

बिहार क्षेत्रः लुम्बिनी क्षेत्रको पूर्वी बिहार क्षेत्रमा १३ प्लट थेरवादीहरुका लागि र पश्चिम क्षेत्रमा २९ महायानी बौद्धमार्गीका लागि छुटचाइएका छन्। सांस्कृतिक केन्द्रमा अनुसन्धान केन्द्र तथा पुस्तकालय, सूचना केन्द्र र सङ्ग्रहालय रहेका छन्। यसबाट बौद्ध धर्मसम्बन्धी अध्ययन र अनुसन्धानमा सहयोग पुगेको छ।

नयाँ लुम्बिनी ग्रामः गुरुयोजनाको उत्तरी क्षेत्र नयाँ लुम्बिनी ग्रामको रुपमा विकास भइरहेको छ। यात्रु तथा पर्यटकका लागि यस क्षेत्रमा होटल तथा रेष्टुरेन्ट लगायतका सुविधा यस क्षेत्रमा निर्माण भएका छन्। यस क्षेत्रमा दुर्लभ पक्षी सारस संरक्षण केन्द्र पनि स्थापना गरिएको छ। जापानको धार्मिक सङ्गठनद्वारा स्थापित विश्व शान्ति स्तुप र लुम्बिनी विकास कोषको केन्द्रीय कार्यालयसमेत यसै क्षेत्रमा छन्। पहिलो दिन लुम्बिनी घुमेपछि दोस्रो दिन बुद्धले आफ्नो जीवनकालको २९ वर्ष बिताएको शाक्य राज्यको राजधानी कपिलवस्तु जिल्लाको तिलौराकोट घुम्न सकिन्छ। लुम्बिनीबाट तिलौराकोट जानका लागि सार्वजनिक यातायातको व्यवस्था छ। कपिलवस्तु पुगेपछि बुद्धसँग सम्बन्धित तिलौराकोटसँगै गोटिहवा, सग्रहवा, निग्लिहवा, अरौराकोट र सिसहनिया पनि घुम्न सकिन्छ।

**बुद्धसँग सम्बन्धित ती क्षेत्रमा घुम्नका लागि आम पर्यटक पनि ती ठाँउमा पुग्ने गर्दछन्।**

तिलौराकोटः बुद्धले २९ वर्ष बिताएको तिलौराकोट दरबारको भग्नावशेष हेर्न हजारौं सङ्ख्यामा स्वदेशी तथा विदेशी बुद्धधर्मका अनुयायी तिलौराकोट पुग्छन्। विश्वप्रसिद्ध ऐतिहासिक र पुरातात्विक महत्वको तिलौराकोटलाई प्राचीन कपिलवस्तुका रुपमा चिनिन्छ। बुद्धजन्मस्थल लुम्बिनीबाट कपिलवस्तु सदरमुकाम तौलिहवा हुँदै जाँदा करिब २८ किलोमिटरको दूरीमा तिलौराकोट रहेको छ। कपिलवस्तु सदरमुकाम तौलिहवादेखि उत्तर वाणगङ्गा नदीको किनारमा अवस्थित तिलौराकोट ई पू. एघारौं शताब्दीदेखि सन् दोस्रो शताब्दीसम्मका पुरातात्विक भग्नावशेषका साथै प्राचीन दरबारको पूर्वी तथा पश्चिमीद्वार यहाँ अवलोकन गर्न सकिन्छ। यहाँ पटक-पटक विश्व प्रसिद्ध पुरातत्वविदहरुले उत्खनन् गरेको र त्यसबाट तीन हजार वर्ष अघिका संरचना फेला परेका छन्।

कुदानः कपिलवस्तुको तौलिहवाबाट तीन किमीको दुरीमापर्ने कुदान प्राचीन निग्रोधराको नामले चिनिन्छ। यस स्थलमा शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि प्राचीन कपिलवस्तुको राजा एंव बुद्धले आफ्ना पिता शुद्धोधन, रानी प्रजापती गौमती, श्रीमती तथा राजकुमारी यशोधरा र छोरा राहुललाई पहिलो भेट गरेको स्थल हो। पुरातात्विक एंव धार्मिक महत्वको यस स्थानमा हाल तीनवटा स्तुप, एक पोखरी र एउटा इनार रहेका छन्। बुद्धसंगै आएका तीनसय भिक्षुकाले यस बगैंचामा रहेको पोखरीमा नुहाएको र आफ्नो साथमा आएर भिक्षुलाई बुद्धले उपदेश दिनुभएको थियो।

निग्लिहवाः कपिलवस्तुको तौलिहवाबाट आठ किलोमिटर दूरीमा पर्ने निग्लिहवा शाक्यमुनि बुद्धपूर्वका कनकमुनि बुद्धको जन्मस्थलको रुपमा लिइन्छ। यहाँ सम्राट अशोकले ई पू २४९ मा शिला निर्माण गरेका थिए अहिले उक्त पिलर ढलेको छ। तिलौराकोटबाट तीन किमीको यात्रापछि निग्लिहवा पुगिन्छ।

गोटिहवाः क्रकुछन्द बुद्धको जन्मस्थल गोटिहवा लुम्बिनीबाट करिब ३१ किमी दूरीको यात्रापछि पुगिन्छ। क्रकुछन्दले बुद्धत्व प्राप्ति गरेको तथा बुद्धत्व प्राप्ति गरेपश्चात पहिलो पटक बुबासँग भेट भएको पवित्रस्थलको रुपमा गोटिहवालाई लिइन्छ। इपूको तेस्रो शताब्दीमा सम्राट अशोकले यस पवित्रस्थलमा आई आफैँले शीलास्तम्भ गाडी यहाँको स्तुप निर्माण गरेका थिए।

सगरहवाः शाक्यमुनी बुद्धको जीवनको अन्त्यतिर शाला राज्यका राजा विरुढकले प्राचीन कपिलवस्तु राज्यका शाक्यहरुको सामूहिक बध गरेको स्थानको रुपमा सगरहवालाई चिनिन्छ। लुम्बू सागरको नामलेसमेत परिचित यो पोखरीको हालको लम्बाइ १०५९ र चौडाइ २२५ रहेको छ।

जगदिशपुर ताल : मानव निर्मित सबैभन्दा ठूलो जलाशय जगदिशपुर ताल हो। यो तिलौराकोटदेखि १० किलोमिटर उत्तरमा रहेको छ। विश्व रामसार सूचीमा सूचीकृत यस तालमा एकै पटक हजारौंको सङ्ख्यामा विभिन्न जातका चराको अवलोकन गर्न पाइन्छ। यसको नजिकै थारु बस्ती रहेको र परम्परागत जीवनशैली, थारु जातीको प्रयोग गर्ने भाँडाकुँडा र खानपान आकर्षण हुन।

देवदहः देवदह प्राचीन कोलिय राजधानी हो। यो बुद्ध जन्मस्थल लुम्बिनीदेखि करिब ६७ किलोमिटर पूर्वमा रहेको छ। यस ठाउमा शाक्यमुनि बुद्धकी आमा मायादेवी, कान्छीआमा प्रजापती र श्रीमती यशोधराको माइती गाउँको रुपमा मानिन्छ। शाक्यमुनि बुद्धले बाल्यकालका कैयन समय कान्छी आमाको साथमा यहाँ बिताएको मान्यता रहेको छ। बुद्धले आफ्नो ज्ञान प्राप्तीको सातौं वर्षमा सहयोगीका साथमा देवदहको भ्रमण गरेको विभिन्न बौद्ध ग्रान्थमा लेखिएका छन्। यस क्षेत्रको भ्रमणबाट आध्यात्मिक पर्यटकका लागि भनानीपुर, कन्यामाई, बैरिमाइ मन्दिर तथा मायादेवी, प्रजापती र यशोधराको माइती क्षेत्रको अवलोकन भ्रमण गर्न सकिन्छ। प्राचीन कोलिय कालखण्डको पाकरी वृक्षका समेत यहाँको भ्रमणबाट अवलोकन गर्न सकिन्छ।

रामग्रामः पश्चिम नवलपरासीको सदरमुकाम परासी बजारबाट करिब तीन किलोमिटर दक्षिणबाट केही पूर्व झरही खोलाको किनारामा ऐतिहासिक, पुरातात्विक तथा धार्मिक रामग्राम स्तुप रहेको छ। करिब ८० फिट चौडाइ, ९० फिट लम्बाइ र ३० फिट उचाइ समतल मैदानमा देखिने थुम्को नै रामग्राम स्तुप हो। सम्राट अशोकले जम्बुदीपमा ८४ हजार स्तुप निर्माण गर्दा पनि रामग्रामको अस्तु लैजान नसकेको हुँदा बौद्ध धर्म र संस्कृतिको दृष्टिले यसको विशेष महत्व मानिन्छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाल भारतीय पर्यटकको सहज गन्तव्य हो : आचार्य बालकृष्ण

लुम्बिनी, ९ कात्तिक (रासस)।

भारतको प्रशिद्ध पतञ्जली योगपीठका अध्यक्ष आचार्य बालकृष्णले नेपाल भारतीय पर्यटकको एउटा सहज गन्तव्य भएको बताउनुभएको छ। बिहीबार बिहान पाल्पाको बसन्तपुरस्थित कामाख्यादेवी मन्दिरको दर्शन गर्न पुग्नुभएका उहाँले भन्नुभयो "नेपालका कुनैपनि पर्यटकीय स्थानमा भारतीय नागरिकलाई सहज पहुँच छ, दुइ देशको धार्मिक, सांस्कृतिक समानताका कारण पनि नेपालका धार्मिक गन्तव्यहरुप्रति भारतीयको आस्था र आकर्षण दुवै छ।"

रुपन्देहीको बुटवल र पाल्पाको बसन्तपुर जोड्ने लुम्बिनी केबलकारमार्फत् बिहीबार बिहान बसन्तपुर पुग्नुभएका उहाँले त्यहाँस्थित कामाख्या भगवतीको पूजाअर्चना गर्नुभएको थियो। पूजाआजापछि नेपाल र भारतका पत्रकारसँगको अन्तरक्रियामा उहाँले प्राकृतिक सुन्दरता, आवतजावतको सहजता, भाषिक, धार्मिक, सांस्कृतिक समानताले भारतीय पर्यटकका लागि नेपाल सहज र उत्कृष्ट गन्तव्य रहेको बताउनुभयो। उहाँले नेपाल गौतमबुद्ध, पशुपतिनाथ, मुक्तिनाथ, जानकी, वाल्मिकी ऋषिलगायतको पावन भूमिरहेको भन्दै नेपालमा धार्मिक, सांस्कृतिक तथा मनोरम प्रकृतिका क्षेत्रमा रहेको अद्वितीय पर्यटनको सम्भावनालाई केन्द्रमा राखेर भारतीय पर्यटकलाई यहाँ ल्याउने गरी नेपाल सरकारले कार्यक्रम बनाउनुपर्ने सुझाव दिनुभयो।

उहाँले धार्मिक पर्यटकीयस्थललाई प्रवर्द्धन गर्न भारत सरकारले अघि सारेको रामायण र शिव सर्किटमा नेपाललाई जोडेर नेपालमा पनि धार्मिक पर्यटकीय सर्किट बनाइ दुवै देशको धार्मिक पर्यटन प्रवर्द्धनको पहल गर्न सुझाव दिनुभयो। उहाँले लुम्बिनी केबलकार नेपालीका लागि मात्र नभइ भारतीय पर्यटकका लागि पनि एक प्रमुख आकर्षक गन्तव्य बन्ने बताउँदै भारतको उत्तर प्रदेशको लुम्बिनी प्रदेशका तराईका जिल्लासँग सीमा जोडिएकाले त्यहाँका नागरिकका लागि लुम्बिनी क्षेत्रमा अवस्थित यो पर्यटकीय पूर्वाधार भारतीय नागरिकको पनि एक महत्वपूर्ण गन्तव्य बन्ने उहाँको धारणा थियो।

केबलकारको टप स्टेशन बसन्तपुरमा निर्माण गरिएको कामाख्या भगवती मन्दिर, यहाँको प्राकृतिक सौन्दर्य तथा तराईको गर्मीमा पनि बसन्तपुरमा पाइने शीतल वातावरण भारतीय पर्यटकको प्रमुख आकर्षण रहेका उहाँको भनाइ थियो। आयुर्वेद शिरोमणी आचार्यले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुनसके पर्यटक आगमन बढ्नसक्ने बताउनुभयो। भारतको पतञ्जली योगपीठले नेपालमा औषधि उद्योग स्थापना र योग केन्द्र सञ्चालन गरेर दुई देशबीच जनस्तरको सम्बन्ध थप प्रगाढ बनाएको र यसले धार्मिक पर्यटन प्रवर्द्धन गरेको उहाँको भनाइ छ। उहाँले ४० वर्षपछि पहिलो पटक गृहजिल्ला स्याङजामा दसैं पर्व मनाउन अवसर मिलेको बताउँदै दसैं या अरु चाडपर्वका अवसरमा आफन्त परिवार समक्ष पुग्ने परम्परा सनातन संस्कृति र वैदिक परम्पराको राम्रो संस्कार रहेको बताउनुभयो।

उहाँले नवरात्रमा देवस्थानहरुमा चढाइने पशुबलि जस्ता हाम्रा सदियौंदेखिका परम्परागत, संस्कृतिलाई समयानुसार परिमार्जन गर्दै लैजानुपर्ने पनि बताउनुभयो। "हाम्रा पूर्वजले परम्परा सुरु गरे होलान्, त्यतिबेलाको अवस्थामा पक्कै पनि ती संस्कारको आफ्नै महत्व थियो होला", उहाँले भन्नुभयो,"आज समय परिवर्तन भएको छ, त्यही हिसाबले संस्कारलाई पनि परिस्कृत गर्नु आवश्यक छ।"उहाँले नेपाल र भारतबीचको सम्बन्ध सदियौंदेखि धार्मिक, सांस्कृतिक समानतासहित प्रगाढ रहिआएकाले यसलाई कसैले तोड्न नसक्ने बताउनुभयो।

सो अवसरमा लुम्बिनी केबलकारका निर्देशक रुद्र पौडेलले नेपालीसँगै भारतका नागरिकलाई लक्षित गरेर बसन्तपुरमा पाँचतारे होटेल निर्माणाधीन रहेको जानकारी दिनुभयो। सो होटलसहित केबलकारमा रु पाँच अर्ब लगानी हुने जानकारी पनि उहाँले दिनुभयो। सञ्चालनको पाँच महिनामै बसन्तपुरको कामाख्यादेवी मन्दिर भारतको उत्तर प्रदेशका पर्यटकको लागि आकर्षक धार्मिक गन्तव्य बनिसकेको र यहाँ आएका भारतीय पर्यटकलाई नेपालका अरु धार्मिक गन्तव्यमा पुऱ्याउन सकिने गरी केबलकार सर्किट निर्माण गरी प्रचारप्रसारको काम थालिने निर्देशक पौडेलले जानकारी दिनुभयो।

# माओवादी घटक दलहरु बीचको एकता आवश्यक : प्रधानमन्त्री

रुकुम, ९ कात्तिक (रासस)।

प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहालले पार्टीले सुरु गरेको तीन महिने विशेष रुपान्तरण अभियान माओवादी घटक दलहरु बीचको एकताको अभियान पनि रहेको बताउनुभएको छ। रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका-६ मग्गामा आयोजित सहिद स्मृति मेलाको उद्घाटन गर्नुहुँदै उहाँले अब माओवादीबाट फुटेर गएका दलहरुकाबीच एकता आवश्यक छ भन्नुभयो।

प्रधानमन्त्री दाहालले भन्नुभयो,"हामी ठूलो पार्टीको रुपमा उदाएका थियौं। विडम्बना हामी सबै फरक-फरक बाटोतिर लाग्यौं। हामीले क्रान्ति गर्ने बेला जुन किसिमको प्रतिबद्धता जनता सामु गरेका थियौं, त्यो प्रतिबद्धता भुल्दै साथीहरु फरक बाटोतिर लाग्नुभयो। शान्ति प्रक्रियापछि उहाँहरुलाई के कुरा चित्त बुझेन पार्टी नै फुटाउनुभयो।"

केही साथीहरु फरक बाटोमा लागेको भए पनि अझै केही नबिग्रिएको उहाँको भनाइ थियो। "हामी माओवादी शक्तिहरु पुनः एक हुनुपर्ने बेला आएको छ। हामीले समाजवादी मोर्चा नै बनाएका छौं। त्यही मोर्चा नै भोलि एकताको बाटोमा जान्छ। समाजवादी मोर्चाको एउटा अभियान छ। हाम्रो पार्टीको एउटा अभियान छ। यो अभियानको सार्थकता भनेकै माओवादी घटक र अन्य विचार मिल्ने पार्टीहरुको एकता हो।", उहाँले भन्नुभयो।

प्रधानमन्त्री दाहालले वर्तमान सरकार पाँचवर्ष नै टिक्ने दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "हामीले निकै बलियो सरकार बनाएका छौं। यो सरकार पाँच वर्षनै रहन्छ। कोशी प्रदेशमा केही तलमाथि हुँदै गर्दा गठबन्धनकाविरुद्ध लागेको पनि देखियो। अन्तत कोशीमा पनि गठबन्धकै सरकार हुन्छ।" सरकार ढाल्न र गठबन्धन फुटाउन तर्फ केही दल लागिपरेको उहाँले आरोप लगाउनुभयो। सरकारले पछिल्लो समय सामाजिक न्यायको लागि विभिन्न भ्रष्टाचारको फाइल खोलेको देख्दा केही दलहरु सरकार ढाल्ने प्रयासमा रहेको उहाँको भनाइ थियो।

वर्तमान सरकार गठनभएपछि सामाजिक न्यायको पक्षमा धेरै राम्रा काम भएका उहाँले बताउनुभयो। उहाँले भन्नुभयो "हामीले मिटरब्याजीलाई कारबाही गरेका छौं। नक्कली भुटानी शरणार्थी, सुन काण्डमा मुछिएकालाई समातेका छौं। यो काममा गठबन्धनमा रहेका राजनीतिक दलहरुको ठूलो साथ र सहयोग रहेको छ।"


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था** :

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्नवा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानुनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**


## विश्व समाचार

# हामी स्थल हमलाको तयारी गरिरहेका छौं : इजराइली प्रधानमन्त्री

तेल अविव (इजराइल), ९ कात्तिक (रासस/एएनआई)।

'इजराइल आफ्नो अस्तित्वको लडाइँमा छ' भन्ने आफ्नो भनाइ दोहोऱ्याउँदै इजराइलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले हमासको युद्ध विरुद्धको आफ्नो लक्ष्य 'देशलाई बचाउनु' रहेको र हमासलाई नष्ट गर्नका लागि स्थल आक्रमण चाँडै सुरु हुने बताउनुभएको टाइम्स अफ इजराइलले बताएको छ।

उहाँका अनुसार इजराइल स्थल कारवाहीका लागि तयार भइरहेको छ। यद्यपि कहाँ र कहिले आक्रमण सुरु गर्न लागेको हो भन्नेबारे उहाँले केही बताउनुभएन। "हामी स्थल आक्रमणको तयारी गरिरहेका छौं, कहाँ, कसरी र कति आक्रमण हुन्छ भन्नेबारे म भन्दिनँ, म ती विचारहरुको सीमाको बारेमा पनि विस्तारपूर्वक बताउँदिन जसमा अधिकांशका बारेमा जनतालाई जानकारी छैन, साथै यस्तै नै मानिन्छ, यही तरिका हो जसबाट हामी आफ्ना सैनिकहरूको ज्यानको रक्षा गर्न सक्छौं", उहाँले भन्नुभयो।

राष्ट्रका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री नेतान्याहुले भन्नुभयो, "इजराइल हाम्रो अस्तित्वको लडाइँको बीचमा छ, युद्धका दुई उद्देश्य हुन्छन्- हमासको सैन्य र शासन क्षमतालाई नष्ट गर्नु र उसलाई समाप्त पार्नु, साथै हाम्रा बन्धकहरूलाई फिर्ता गर्नका लागि हरसम्भव प्रयास गर्नु।"

प्रधानमन्त्री नेतान्याहुलाई उद्धृत गर्दै टाइम्स अफ इजराइलले भनेको छ, "हमासका सबै सदस्य मृत व्यक्ति हुन्। उनीहरू जमिनमाथि र तल, गाजाभित्र र बाहिर घुमिरहेका छन्। रक्षामन्त्री योआभ ग्यालेन्ट, मन्त्री बेनी गेन्ट्ज, सुरक्षा क्याबिनेट, मुख्यसचिव र सुरक्षा सङ्गठनका प्रमुखहरूसँग हामी विजय प्राप्त नभएसम्म युद्धका लक्षहरूलाई प्राप्त गर्नका लागि चौबिसै घन्टा काम गरिरहेका छौं र राजनीतिक विचारलाई पनि यस्तै बनाइरहेका छौं।"

मुलुकलाई बचाउनु र जित हासिल गर्नु नै लक्ष्य भएको उल्लेख गर्दै उहाँले इजराइली कारवाहीमा हजारौं आतङ्ककारी मारिएको र यो सुरुआत मात्र भएको बताउनुभयो।

स्थल आक्रमणको समयका बारेमा सर्वसम्मतिले निर्णय लिइएको उहाँको भनाइ थियो। "अपरेसनको समय युद्ध मन्त्रिपरिषद् र मुख्यसचिवमार्फत सर्वसम्मतिले निर्धारण गरिएको थियो", उहाँले भन्नुभयो, "हामी ती हत्यारा, अत्याचारी र हमासबाट पूरा मूल्य चुकाउने छौं।" उहाँले गाजाका गैरलडाकूहरूलाई फेरि पनि दक्षिणी गाजातिर जान आग्रह गर्नुभयो।

# गाजा क्षेत्र कतै पनि सुरक्षित छैन : संयुक्त राष्ट्रसंघ

गाजापट्टी (प्यालेस्टिनी अधिनस्थ क्षेत्र), ९ कात्तिक (रासस/एएफपी)।

संयुक्त राष्ट्रसङ्घले गाजाको कुनै पनि क्षेत्र सुरक्षित नभएको बताएको छ। राष्ट्रसङ्घका अनुसार अपेक्षित स्थल आक्रमणको तयारीमा इजराइली हवाई हमलाहरु बढिरहेका छन्।

अक्टोबर ७ मा हमासले गरेको आक्रमणको जवाफी हमलामा इजराइलले प्यालेस्टिनी क्षेत्रका लगभग सबै ठाउँमा आक्रमण गरेकाले मानिसहरुसंग केही विकल्प बाँकी नरहेको राष्ट्रसङ्घले जनाएको छ।

"गाजा कतै पनि सुरक्षित छैन", प्यालेस्टिनी क्षेत्रका लागि संयुक्त राष्ट्रङ्घका मानवीय संयोजक लिन हेडसनले बताउनुभएको छ।

# संयुक्त राष्ट्रसंघीय प्रमुखद्वारा हमास आक्रमणलाई औचित्य दिएको आरोपको खण्डन

संयुक्त राष्ट्रसङ्घ, ९ कात्तिक (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्सले हमास आक्रमणको समर्थन गरेको आरोप लगाउने वरिष्ठ इजराइली कूटनीतिज्ञहरूले गरेको आकलनलाई स्पष्टरूपमा अस्वीकार गर्नुभएको छ। इजराइली कूटनीतिज्ञहरूले सुरक्षा परिषद्मा अक्टोबर ७ मा हमाले गरेको आक्रमणलाई महासचिव गुटेर्सले समर्थन गरेको आरोप लगाएका थिए।

इजराइल र प्यालेस्टाइनको बीचमा बढ्दो सङ्कटलाई लिएर मङ्गलबार भएको बैठकलाई सम्बोधन गर्दै सुयक्त राष्ट्रसङ्घका महासचिव गुटेर्सले हमासले गरेको 'भीषण' आक्रमण कुनै पनि हालतमा औचित्यपूर्ण हुन नसक्ने बताउनुभयो। उहाँले हमासले गरेको आक्रमणकै कारण गाजामा बमबारी र घेराबन्दी भएको भन्दै प्यालेस्टिनीहरू 'शून्य अवस्थामा थिएनन्' भन्ने पहिचान गर्नु महत्वपूर्ण हो र उनीहरूलाई सामूहिक सजाय दिनु उचित होइन भन्नुभयो।

मङ्गलबार गुटेर्सको सम्बोधनपछि संयुक्त राष्ट्रसङ्घका लागि इजराइलका स्थायी प्रतिनिधि गिलाड एर्डनले ट्वीट गर्दै भन्नुभयो, "महासचिवको सम्बोधनले हमासको क्रूर आक्रमणलाई औचित्यपूर्ण ठहर गर्न खोजेको थियो, हमास आक्रमणमा करिब एक हजार चार सय मानिस मारिए, जसमा सर्वसाधारणनै बढी थिए।" उहाँले महासचिवको राजीनामासमेत माग गर्नुभएको थियो। यसका साथै महासचिव गुटेर्सको भिसासमेत रोक्ने चेतावनी दिनुभएको थियो।

यस्तै इजराइलका विदेशमन्त्री एली कोहेनले पनि गुटेर्सले हमासको आतङ्कवादलाई समर्थन गरेको आरोप लगाउनुभयो। साथै उहाँले मङ्गलबार महासचिवसँगको निर्धारित बैठक रद्द गर्नुभयो।

बैठकपछि मङ्गलबारनै महासचिव गुटेर्सले हमासले बन्धक बनाएका केही परिवारलाई भेट्नुभयो र गाजाभित्र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गरी बन्दी बनाएका सबैको बिना सर्त रिहाइका लागि आह्वानसमेत गर्नुभएको थियो। बुधबार बिहान सुरक्षा परिषद्बाहिर पत्रकारहरूसँग उहाँले भन्नुभयो, "मेरो केही भनाइलाई गलत तरिकाले प्रस्तुत गरिँदा म स्तब्ध भएको छु।"

आफूले वास्तवमै प्यालेस्टिनी गुनासोका बारेमा बोलेको उल्लेख गर्दै उहाँले प्यालेस्टिनी जनताको गुनासोले हमासको भयानक आक्रमणलाई न्याय दिन नसक्ने आफूले सुरक्षा परिषद्मा भनेको बताउनुभयो।

# मन्दिरमा जम्मा भएको फोहर सफा गरियो



**दैनिक समाचारदाता**
**राजविराज, ९ कात्तिक ।**
दशैंको दस दिने अवधिमा मन्दिर परिसरमा जम्मा भएको फोहोर सरसफाई गरिएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित प्रसिद्ध कंकालिनी भगवती मन्दिरमा स्थानीय ओम ट्रेडर्सको अगुवाइमा सरसफाइ गरिएको हो ।

ट्रेडर्सका सञ्चालक चन्दनकुमार कार्पेरको नेतृत्वमा परिवारका सम्पूर्ण सदस्यसहित सहयोगीहरुको सहभागितामा मन्दिर परिसरलाई सरसफाइ गरिएको छ ।

मुलुककै प्रसिद्ध यो मन्दिरमा दशैंको महानवमीको दिन ६ सय ३ वटा रांगाको बलि प्रदान गरिएको थियो ।

# जनकपुर-अयोध्या हवाई सेवाका लागि सरकारले पहलकदमी लिनुपर्छ : नेता निधि

जनकपुरधाम, ९ कात्तिक (रासस) ।
नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले धार्मिक पर्यटनको माध्यमबाट देशमा आर्थिक समृद्धि हासिल गर्न ऐतिहासिक धार्मिकस्थल जनकपुरधाम र भारतको अयोध्यालाई हवाई सेवामार्फत जोड्न सरकारलाई आग्रह गर्नुभएको छ ।

बिहीबार साँझ जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्नुहुँदै नेता निधिले विभिन्न चरणमा भएको छलफलपछि हवाई सेवा सञ्चालनका लागि निजी क्षेत्र तयार रहेको भन्दै भारतीय पक्षसँग कुरा गरेर बाँकी प्रक्रिया तत्काल सुरु गर्न सरकारलाई आग्रह गर्नुभयो ।

"विगत दुई तीन वर्षदेखि माता जानकीको जन्मस्थल जनकपुर र श्रीराम जन्मस्थल भारतको अयोध्यालाई हवाई सेवामार्फत जोड्न सकिने सम्भावनाबारे विभिन्न चरणमा कुराकानी भइरहेको थियो । मैले जानकारी पाएअनुसार निजी क्षेत्रको बुद्ध एअर सातामा तीन दिन हवाई उडान भर्न तयार रहेको छ", प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका निधिले भन्नुभयो, "अब वायु सेवा निगम, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पहलकदमी लिएर उडान अनुमति, पूर्वाधार निर्माण र भारत सरकारसँग आवश्यक सम्झौता गर्न जरुरी छ । यसका लागि म सम्बद्ध पक्षसँग विशेष अनुरोध गर्न चाहन्छु ।"

अयोध्यामा निर्माणाधीन श्रीराम मन्दिरको सन् २०२४ जनवरीमा भारतीय प्रधानमन्त्रीले प्राण प्रतिष्ठा (समुद्घाटन) गर्ने कार्यक्रम रहेको र तत्पश्चात् त्यहाँ बढ्ने धार्मिक पर्यटकीय गतिविधिबाट लाभ लिन हवाई सेवा जरुरी रहेको भन्दै नेता निधिले त्यसभन्दा अघि नै नेपाल सरकारले आवश्यक पहलकदमी लिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

यस कार्यले जनकपुरमात्र नभई सिङ्गो नेपालले नै आर्थिक लाभ लिनसक्ने र जसले देशको समृद्धि र गरिबी निवारणको यात्रामा कोसेढुङ्गाको काम गर्ने नेता निधिको भनाइ थियो ।

त्यसैगरी, उहाँले सीता जन्मभूमि जनकपुरधाम र सती माताको भूमि कैलास मानसरोवरलाई जोड्न नयाँ सम्भावनाको खोजी र त्यसको प्रचारप्रसार पनि जरुरी रहेको धारणा राख्नुभयो । उहाँले नेपालकै भूमिबाट कैलास मानसरोवर पुग्नसक्ने बाटो निर्माणका लागि पनि सरकारसँग माग गर्नुभयो ।

## *तीनै तहको ...*

परिचित मधेश प्रदेश अहिले मधेस प्रदेश नेपालमै पछाडि परेकोले प्रदेशको शिक्षा क्षेत्रलाई उकास्न सबैले आ-आफ्नो ठाउँबाट जिम्मेवारी लिनुपर्नेमा जोड दिए ।

समाजको प्रत्येक घर घरमा शिक्षा स्वास्थ्य पुग्नुपर्ने एकदमै आवश्यक रहेको भन्दै उनले सामुदायिक विद्यालयलाई अगाडि बढाउन खोज्दा विभिन्न बाधा आउने भएकोले प्रदेश शिक्षा नीति बनाएर अगाडि बढाउने योजना रहेको र शिक्षा नीति ऐनले शिक्षामा नौलो फड्को मार्ने दाबी समेत गरे ।

पूर्ण साक्षर नीति चारवर्ष भित्र ल्याएर कार्यान्वयन गर्ने मन्त्री यादवले घोषणा गर्दै संस्कारी र व्यवहारिक शिक्षालाई पनि संगै लादा मात्र समयको माँग पूरा हुने जिकिर गरे ।

कार्यक्रममा मधेस प्रदेश सभासदस्य सतिश कुमार सिंह, पूर्व मेयर शैलेश चौधरी, भवानी सेवा समितिका अध्यक्ष प्रताप नारायण चौधरी, नेपाल पत्रकार महांघका अध्यक्ष श्रवण कुमार देव, बागेश्वरी सेवा समितिको पूर्व अध्यक्ष द्वय मेदनारायण देव, राधेश्याम रमण लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

कार्यक्रममा मानार्थ तथा एसईईमा ए प्लस ल्याउने विद्यार्थीलाई समेत चाँदीको मेडल प्रमाणपत्र र खादा ओढाएर सम्मान गरिएको थियो । बागेश्वरी सेवा समितिको अध्यक्ष ई. इन्द्र नारायण देवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## *६ सय तीन ...*

भारतको विहार राज्यअन्तर्गतका विभिन्न जिल्लाबाट पनि राँगाको बलि दिन यहाँ भक्तजन आउने गरेको मन्दिर विकास समितिले जनाएको छ ।

प्रत्येक वर्ष विजयी दशमीका अवसरमा महानवमीका दिन यहाँको मन्दिरमा राँगा, खसीबोका र परेवाको बलि दिने चलन रहेको छ ।

नेपालको सप्तरी जिल्लासहित सिरहा, धनुषा, उदयपुर, सुनसरी मोरङ, झापा र छिमेकी राष्ट्रिय भारतको विहार राज्यको सुपोल, मधुवनी अररियालगायतका ठाउँबाट लाखौंको सङ्ख्यामा आएका दर्शनार्थी यस मन्दिरमा यस वर्ष पनि विगतकै जस्तो भीड लागेको थियो ।

त्यस्तै सप्तरीकै प्रसिद्ध छिन्नमस्ता भवती मन्दिरमा पनि घटस्थापनादेखि महानवमीसम्ममा करिब ३५ हजारको हाराहारीमा खसी बोकाको बलि दिइएको छ ।

# कात्तिक ११ गते खण्डग्रास चन्द्रग्रहण

काठमाडौँ, ९ कात्तिक (रासस) ।
आश्विन शुक्ल पूर्णिमामा कात्तिक ११ गते शनिबार खण्डग्रास चन्द्रग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

राति १:१९ बजे स्पर्श हुने चन्द्रग्रहणको सुतक दिउँसो ४:१९ बजेदेखि सुरु हुने समितिका सदस्यसमेत रहनुभएका धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो । राति २:३८ बजे ग्रहणको मोक्ष अर्थात् समाप्त हुने समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ ।

ग्रहणका बेलामा नित्य र नैमित्तिक कर्म गर्नु हुन्छ । विशेष कामना राखेर गरिने कर्म भने गर्नु हुँदैन । आश्विन शुक्ल चतुर्दशीदेखि कार्तिक कृष्ण प्रतिपदासम्म तीन यस्ता कर्म गर्नु नहुने शास्त्रीय वचन रहेको पनि धर्मशास्त्रविद् भट्टराईले बताउनुभयो । यो चन्द्रग्रहण विसं २०८० मा लाग्ने एउटै ग्रहण भएको समितिले जनाएको छ ।

चन्द्रग्रहणको नौ घण्टाअघि देखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । दिउँसो ४:१९ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ ।

गत वर्ष कात्तिक ८ गते सूर्यग्रहण र २२ गते चन्द्रग्रहण लागेको थियो । गत वर्ष चान्द्रमासअनुसार कार्तिक कृष्ण औँसीमा सूर्यग्रहण र कार्तिक शुक्ल पूर्णिमामा चन्द्रग्रहण लागेको थियो । सूर्यग्रहण औँसी र चन्द्रग्रहण पूर्णिमामा लाग्ने गर्छ ।

**ग्रहणमा के गर्नु हुन्छ ? के गर्नु हुँदैन ?**

ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ । अन्न खानबाहेक ग्रहण र यसको सूतकका बेला नित्य कर्म गर्नुहुन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ ।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, बीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । ग्रहणका बेला गर्नु हुने र नहुने कामलाई यी ग्रन्थमा यसरी उल्लेख गरिएको छ ।

निद्रायां जायते व्याधि मुत्रे दारिद्रमाप्नुयात् ।
पुरिषे कृमियोनिश्च मैथुने ग्रामसुकरः ॥
अभ्यञ्जने भवेत्कुष्ठि भोजने स्यादधोगति ।
बन्धने च भवेत् सर्पे वधे च नरकं व्रजेत् ॥

अर्थात् ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर जन्मने, मैथुन गरे गाउँको सुङ्गुर भएर जन्मने, सिङ्गार पटार गरे कुष्ठ रोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नरकमा बास हुने उल्लिखित धार्मिक ग्रन्थमा वर्णन गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । ग्रहणका समयमा नित्य कर्म गर्नु हुन्छ । घरमा तिथि, श्राद्ध परेमा ग्रहणमा गर्न हुने समितिले जनाएको छ । ग्रहण निषेध गरिएकाबाहेक कर्म गर्न हुने जनाइएको छ ।

# इजरायलबाट थप एक विद्यार्थीको शव ल्याइयो

काठमाडौँ, ९ कात्तिक (रासस) ।
इजरायलमा हमासको आक्रमणमा परी मृत्यु भएका १० नेपाली विद्यार्थीमध्ये थप एक विद्यार्थीको शव बिहीबार नेपाल ल्याइएको छ ।

नेपाल ल्याइएको शव बझाङ जयपृथ्वी-६ का गणेशकुमार नेपालीको रहेको परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार फ्लाई दुबईको विमानमार्फत बिहीबार बिहान ७ बजे उहाँको शव ल्याइएको हो ।

इजरायलमा हमासको आक्रमणमा परी मृत्यु भएका १० विद्यार्थीमध्ये हालसम्म पाँच जनाको शव नेपाल ल्याइएको, बाँकी पाँचजनाको शव ल्याउन सम्बद्ध नातेदारको डिएनए सङ्कलन गरी पठाइएको र अन्य शव पनि चाँडै नेपाल ल्याइने उहाँले बताउनुभयो ।

हालसम्म नेपालीसहित दार्चुला मालिकार्जन-४ का लोकेन्द्रसिंह धामी, दार्चुला लेकम-५ का दीपेशराज विष्ट, कैलाली घोडाघोडी-४ का नारायणप्रसाद न्यौपाने तथा कैलाली बौनियाँ-३ का आशिष चौधरीको शव ल्याइसकिएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

गत असोज २० गते हमास समूहको आक्रमणमा परी इजरायलमा दस नेपाली विद्यार्थीको मृत्यु भएको थियो । सुदूरपश्चिम विश्वविद्यालयको कृषि क्षेत्रमा 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत् उनीहरू इजरायल गएका थिए ।

उक्त आक्रमणमा परी मृत्यु हुने अन्य विद्यार्थीमा धनुषा सापही-६ का आनन्द साह, सुनसरी मधुवन-१ का राजेशकुमार स्वर्णकार, डोटी पचनाली-३ का राजन फुलारा, डोटी लामीखाल-८ का पदम थापा र सल्यान सारदा-३ का प्रवेश भण्डारी रहेका छन् ।

सोही आक्रमणमा परी कञ्चनपुर भीमदत्त-३ का विपीन जोशी सम्पर्कविहीन रहेका छन् । केही समय अघि परराष्ट्रमन्त्री नारायणप्रकाश साउदसहितको टोलीले इजरायलमा फसेका दुई सय ५४ विद्यार्थीलाई उद्धार गरी नेपाल ल्याएको थियो ।


# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*